**नेपाल उद्योग वाणिज्य महासंघको**
**५८ औं वार्षिक साधारण सभाको बन्द शत्रमा**
**<u>महासंघका अध्यक्षवाट प्रस्तुत सम्बोधन भाषण</u>**

**महासंघका निवर्तमान अध्यक्षज्यू,**

**वरिष्ठ उपाध्यक्षज्यू एवं उपाध्यक्षज्यूहरु,**

**प्रदेश उद्योग वाणिज्य महासंघका अध्यक्षज्यूहरु,**

**कार्यकारिणी समितिका सदस्य साथीहरु,**

**जिल्ला/नगर उद्योग वाणिज्य संघका अध्यक्षज्यूहरु एवं प्रतिनिधिहरु,**

**वस्तुगत संघका अध्यक्षज्यूहरु एवं प्रतिनिधिज्यूहरु,**

**द्विराष्ट्रिय उद्योग वाणिज्य संघका अध्यक्षज्यूहरु र एशोसिएट सदस्य संस्थाका प्रमुख एवं प्रतिनिधिहरु,**

- आफ्नो कार्यव्यस्तताको बाबजुद महासंघको यस ५८ औं वार्षिक साधारण सभामा भाग लिन आउनु भएका मुख्य प्रतिनिधिज्यूहरु, प्रतिनिधिज्यूहरु सवैलाई सभाको यस बन्द शत्रमा हार्दिक स्वागत गर्दछु ।

- नेपाल उद्योग वाणिज्य महासंघको नयाँ नेतृत्वले कार्यभार सम्हालेको एक बर्ष पुगेको छ । कोभिडपछिको तिव्र विस्तार व्यवस्थापन गर्न नसक्दा त्यतिबेला नै अर्थतन्त्र अर्को जटिल मोडमा प्रवेश गरिसकेको थियो । कोभिडपछि ६ प्रतिशतको तिव्र वृद्धि भएको अर्थतन्त्र मुलतः माग नियन्त्रणका लागि अपनाइएका उपायहरुका कारण ओरालो लागि रहेको थियो । यो अवस्था यद्यपी कायम छ ।

- कर्जाको सदुपयोग नभएका कारण समस्या सिर्जना भएको भन्दै अपनाइएका उपायहरुले तत्काल केहि सुधार जस्तो देखिएपनि बजारलाई सुस्त बनायो ।

त्यतिमात्रै होइन, अख्तियार दुरुपयोग अनुसन्धान आयोग सम्बन्धि विधेयक राष्ट्रिय सभाबाट पारित भएको थियो जसमा अख्तियारले निजी क्षेत्रलाई हेर्ने पनि प्रावधान राखिएको छ ।

- अख्तियारको त्यो कानुन प्रतिनिधि सभामा रोकेर छलफल गराउन सकिएको छ । महासंघको आग्रहमा नेपाली कांग्रेसले संसदीय दलको कार्यालयमा कार्यक्रम नै आयोजना गर्‍यो । सबै दलको उच्च नेतृत्वलाई महासंघका अध्यक्ष लगायत पदाधिकारीले भेटेर अवस्था अवगत गराउनुभयो । यो विधेयकहाललाई रोकिएको छ तर पैरवी अझै चाहिन्छ ।सतर्कता केन्द्र सम्बन्धि कानुनमा पनि यस्तै व्यवस्था राख्न खोजिएको छ, यसको संसोधनका लागि पनि हाम्रो पहल आवश्यक छ ।

- हाम्रो निरन्तरको प्रयासपछिनिजी क्षेत्रप्रतिको रवैयामा केहि सुधार भएको छ । मौद्रिक नीति र बजेटमा निजी क्षेत्रका मागलाई वेवास्ता गरेको सरकार र केन्द्रिय बैंक त्यसयता केहि लचक भएको छ । महासंघको ढोरपाटनमा सम्पन्न तेस्रो कार्यकारिणी समितिको निर्णय बमोजिम असोज २५ गते वृहद आर्थिक बहस आयोजना भयो ।

- त्यसपछि सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सर्वपक्षीय र सर्वदलीय भेला आयोजना गर्नुभयो । उक्त भेला महासंघको आग्रहमा आयोजना भएको थियो । जुन प्रधानमन्त्रीले पनि भन्नु भएको थियो । त्यसमा राष्ट्रिय औद्योगिक बिकास सम्वाद परिषद व्युताउने प्रतिवद्धता जनाउनुभयो । यससंगै निजी क्षेत्र सम्मिलित राष्ट्रिय व्यापार सहजीकरण समितिको कार्यविधि बनाउन निर्देशन दिनुभएको छ । अहिले महासंघको एजेन्डालाई सरकारले धेरै हदसम्म भएपनि सम्वेदनशील रुपमा लिन थालेको छ ।

- अर्को तर्फ केन्द्रिय बैंकले पनि महासंघले उठाएका मागबारे सोच्न थालेको छ । मौद्रिक नीतिकोप्रथम त्रैमासिक समिक्षामा केन्द्रिय बैंकले नीतिगत दर घटाएको छ । यसले मुद्दति निक्षेपको ब्याजदर घटन सहयोग पुगेको छ । तरसमग्र माग घटेर उद्यम व्यवसाय चलायमान हुन नसकेको अवस्थामा

महासंघको प्रयास माग वृद्धि र निजी क्षेत्रले सम्मानित रुपमा उद्यम व्यवसाय गर्न पाउने वातावरणको सुनिश्चिततामा रहेको छ ।

- यसैबीचमा डेडिकेटेड र टंकलाइनको बिषय फेरि आयो । भदौ २५ मा सम्माननीय प्रधानमन्त्रीज्यूसंगको भेटमा लाइन नकाटने सहमति भएको थियो । एकाएक काटियो । महासंघले यसको जोडदार विरोध गऱ्यो ।

- महासंघ नेतृत्वले राष्ट्रपति र प्रधानमन्त्रीज्यू लगायत उच्च तहका व्यक्तित्वहरुको ध्यानाकर्षण गराइ रह्यो । विद्युत नियमन आयोग वा यस्तै प्रकृतिको न्यायिक आयोगबाट यसलाई सम्बोधन गर्नुपर्छ भन्ने महासंघको धारणा थियो । सोही अनुरुप सरकारले उच्चस्तरिय आयोग गठन गरि काटिएको लाइन जोडेको छ । यसमा निरन्तर पैरवी आवश्यक छ ।

- महासंघको नेतृत्वमा स्वदेश र विदेशमा पनि कार्यक्रम र पैरवीका काम यसबीचमा भए । ६ महिनाको अवधिभित्र अन्तर्राष्ट्रियस्तरमा तीनवटा वृहद लगानी एवं व्यवसाय सम्मेलन आयोजना भए । भारत र चीनमा वृहद लगानी सम्मेलन आयोजना गरिए । भारतको सम्मेलनमा त्यहाँका उद्योग वाणिज्य मन्त्री पियुष गोयल र चीनको कार्यक्रममा वाणिज्य राज्यमन्त्री लि फेइको सहभागिता थियो । दुवै सम्मेलनमा दुइ सय हाराहारी उद्यमी व्यवसायीको सहभागिता थियो ।

- त्यसपछि  दुवइमा नेपाल दुवइ बिजनेस फोरम आयोजना गऱ्यौ । विश्वभर नै निक्कै प्रभावशाली दुवई चेम्बर्ससंगको सह आयोजनामा कार्यक्रम गर्न सफल भइयो । कोप २८ को समयमा विश्वभरकै सरकार र निजी क्षेत्रले त्यहाँ चासो दिइरहेका बेला दुबइ चेम्बर्ससंग नयाँ सम्बन्ध स्थापित गरि कार्यक्रम आयोजना गरिनु आफैमा चुनौतिपूर्ण र सराहनीय थियो । जसमा करिब एक सय ७० जनाको सहभागिता थियो ।

- भारतको कलकत्तामा आयोजित BIMSTEC Business Conclave मा महासंघको तर्फबाट BIMSTEC Business Forum गठन सम्बन्धी प्रस्ताव गरिएको र सो प्रस्तावलाई सहभागी राष्ट्रका प्रतिनिधिहरुले सकारात्मक रुपमा लिएका थिए ।

- नेपालमा कुल गार्हस्थ उत्पादनको करिब २ प्रतिशत विदेशी लगानी भित्रिने गरेको सन्दर्भमा नेपालबारे बाहिर चिनाउनु आवश्यक थियो । गत बर्ष साढे ६ अर्ब मात्रै विदेशी लगानी आयो । नेपाल लगानीको गन्तव्यका रुपमा विश्वले चिनेकै छैन । अझ युएइका लागि नेपाल मूलतः अदक्ष र अर्धदक्ष कामदार पठाउने मुलुक हो । जहाँ व्यापार व्यवसाय हुन्छ लगानीको सम्भावना छ भनेर चिनाउन सम्भव भयो । दुवई चेम्बर्सका अधिकारी त्यहाँका अर्थसचिव समेतको सहभागिता रहेको कार्यक्रमले सकारात्मक सन्देश दिएको छ ।

- यसपटक दक्षिण पुर्वी एसियाली मुलुकका चेम्बरहरुको संगठन क्यासीको सम्मेलन पनि नेपालमा आयोजना गरियो । क्याम्बोडियाले असमर्थता जनाएपछि नेपालमा आयोजित उक्त सम्मेलनमा करिब ६० जना विदेशी सहित करिब २ सय उद्यमी व्यवसायीको सहभागिता थियो । सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूबाट उद्‌घाटन भएको उक्त कार्यक्रमले नेपाललाई लगानी गन्तव्यका रुपमा थप परिचित बनाउन सम्भव भयो ।

- वेलायत स्थित नेपाली राजदुतावासले आयोजना गरेको नेपालमा लगानी सम्भावना बिषयक कार्यक्रममा प्रस्तुति भयो । दिगो बिकास लक्ष्य सम्बन्धि पश्चिम एसियाली मुलुकहरुको सम्मेलन महासंघ सचिवालयमा आयोजना गरियो । यो पहिलोपटक हो ।

- सातै प्रदेशमा लगानी सम्मेलन आयोजना गर्ने बिषय अगाडि बढेको छ । सुदुर पश्चिम प्रदेशसंग सम्झौता नै भैसकेको छ । र सोही अनुरुप काम भैरहेको छ भने अन्य प्रदेशसंग पनि छलफल चलिरहेको छ ।

- सोही कार्यकारणी समितिको निर्णय बमोजिम उद्यमी व्यवसायीको सहभागिता रहने लगानी कम्पनीको अवधारणा तयार भएको छ । यसको काम तदारुकताका साथ अगाडि बढाइनेछ ।

- यो महासंघको कम्पनी हुँदैन । महासंघले शुरुमा प्रवर्द्धन गर्ने मात्रै हो । मुलुकभरिका व्यवसायीहरुलाई एक ठाउँमा ल्याउने पहल गर्ने हो । पछि व्यवसायिक रुपमा यसको संचालन हुन्छ । यसमा गैर आवासिय नेपाली

लगायत अन्य निजी क्षेत्रका संगठनहरु अन्तरगतका व्यापारीहरु, वस्तुगत संघमा आवद्ध सदस्यहरुले पनि लगानी गर्न सक्छन ।

- यसैगरि विदेशमा गरेका सम्मेलन पछिको फलो अप र लगानी सम्बन्धि अन्य काम गर्न एफडिआइ हेल्प डेस्कको सुदृढिकरणमा काम भैरहेको छ । यसका लागि युएसएडले सहयोग गर्ने करिब तय भएको छ । कार्यक्रम मात्रै आयोजना गर्ने नभइ त्यसको फलोअप गरि केहि नतिजा आउने गरि काम गर्न चाहिरहेका छौ ।

- सरकारले महासंघको आग्रहमा द्धिपक्षीय लगानी सम्झौताको खाका तयार पारेको छ । जुन मन्त्रीपरिषदबाट पारित भई सकेको छ ।

- महासंघले दिएको सुझाव बमोजिम बैसाखमा आयोजना हुने लगानी सम्मेलनलाई लक्षित गरि १२ कानुन तथा नियमावलीमा संसोधन भएको छ । निजी क्षेत्रको तर्फबाट परियोजनाहरु पनि सरकारलाई उपलब्ध गराइएको छ । यी परियोजनामा लगानी जुटाउने प्रयास हुनेछ ।

- यसबाहेक सचिवालयलाई प्रविधिमैत्री बनाइएको छ । अनलाइन भुक्तानी देखि उत्पत्तिको प्रमाणपत्रको व्यवस्थापन सफ्टवेयरबाट गर्न शुरु भएको छ ।

- उत्पत्तिको प्रमाणपत्रबारे सरकारले चासो बढाएको छ । यसलाई रियलटाइममा हेर्न सकिने गरि व्यवस्थापन गर्ने प्रयास भैरहेको छ । २०७७ अघि केहि बर्षको उत्पत्तिको प्रमाणपत्र वापतको रकम प्राप्त नभएको निर्यात प्रवर्द्धन केन्द्रबाट पत्र प्राप्त भएको हुँदा यसबारे पनि छलफल भैरहेको छ ।

- कृषि उद्यम केन्द्रको कृषि मन्त्रालय सम्वद्ध र एनटिआइएससंग सम्बन्धि निर्यात प्रवर्द्धन केन्द्र सम्वद्ध सरकारबाट भनिएको बेरुजु फर्स्यौट गर्न निरन्तर छलफल भैरहेको छ ।

- राष्ट्रिय निर्देशन ऐन अनुसार स्थापित महासंघलेकर छुट पाइने भएपनि लामो समयदेखि रोकिएको कर छुटको प्रमाणपत्र प्राप्त भएको छ । महासंघलाई प्राप्त उक्त प्रमाणपत्रले कर बचत भएको छ । यसले जिल्ला

नगर र वस्तुगत सदस्य संघहरुले पनि छुट लिन सक्ने आधार भएको छ । र यसबाट ठूलो रकम जोगिने छ, यो धेरै ठूलो काम भएको छ ।

- लेखाको नया सफ्टवेयर जडान भएको छ । लेखा प्रमुखको रुपमा गत बर्षदेखि नै चार्टर्ड एकाउन्टेन्ट नियुक्त गरिएको छ । सबै प्रदेशलाई केन्द्रिय सफ्टवेयरसंग जोडिएको छ ।

- वेबसाइटलाई अन्तरक्रियात्मक बनाइएको छ । यहाँका सुझावलाई वेबसाइट मार्फत पनि समेटेर आवश्यक कारवाही गरिनेछ । वेबसाइटबाट नै सदस्यता नविकरण लगायतको भुक्तानी गर्न सक्ने व्यवस्था गरिएको छ ।

- यसैगरि यस अवधिमा भएका केहि सम्झौताले महासंघलाई बलियो बनाउनेछ । जस्तो कि धितोपत्र बोर्डसंगको समझदारीले धेरै ठाउँमा तालिम दिन सकिने छ । नेपाल राष्ट्र बैंकसंगको सम्झौताले नीतिगत सहकार्य, अध्ययन अनुसन्धानमा सहकार्यको ढोका खोलेको छ । आगामी दिनमा मौद्रिक नीति लगायत अन्य नीति निर्माणमा सहकार्य गर्नका लागि यसले बाटो खोलेको छ । संयूक्त ट्रेड युनियनसंगको समझदारी श्रम सम्बन्ध सुधारमा कोशेढुंगा सावित हुनेछ ।

- अध्ययन अनुसन्धान तर्फ नेपालमा संचालित वहुराष्ट्रिय कम्पनी नाफामा भएपनि नया लगानी नआइरहेको बारे अध्ययन भएको छ । अर्थतन्त्रमा निजी क्षेत्रको योगदान लगायत यस बर्ष मात्रै आधा दर्जन अध्ययन अनुसन्धन, मार्गदर्शन र गाइडलाइन तयार भएका छन ।

**प्रतिनिधिज्यूहरु**

- कोभिडपछि र विद्यमान आर्थिक मन्दीका बीचमा पनि अन्तराष्ट्रिय व्यापार मेलालाई हामीले पुनः शुरु गरेका छौ । ग्रिन ग्रोथ सेन्टरको स्थापना भएको छ ।

- सरकारले कर सुधार सुझाव समिति गठन गरेको थियो । त्यसमा महासंघका तर्फबाट सुझाव पेश भएको छ । १६ औ योजना र बजेट सुझावलाई व्यवस्थित र सहभागितामूलक बनाएका छौ । १६ औ योजनाको सुझाव योजना आयोगमा पेश भैसकेको छ ।

**उद्योगी/व्यवसायी मित्रहरु,**

- यसैगरि उद्यमी व्यवसायीको मान मर्दन भैरहेको सन्दर्भमा निजी क्षेत्रको योगदान, अन्य देशमा निजी क्षेत्रको महत्व, हामीले सामाजिक उत्तरदायित्वमा पुऱ्याएको योगदान, व्यवसायिक आचार संहिता समेतलाई समेटेर सम्मानित निजी क्षेत्रका लागि महासंघले एउटा क्याम्पेन नै शुरुगर्नुपर्ने देखिन्छ ।

- निजी क्षेत्रको मर्यादा, सुरक्षा र सम्मानमा महासंघका सर्वोपरि ध्यान रहदै आएको छ । निजी क्षेत्रलाई पनि मर्यादाक्रममा समावेश गर्ने बिषयलाई जोडदार रुपमा उठाइएको छ । यसमा छलफल भैरहेको छ र आशा छ केही नतिजा आउनेछ ।

- निजी क्षेत्रको सम्मानका लागि निजी क्षेत्रको योगदान देखाउनु आवश्यक थियो । अहिलेसम्म अर्थतन्त्रमा निजी क्षेत्रको योगदानबारे कुनै अध्ययन अनुसन्धान भएको थिएन । महासंघले पहिलोपटक प्रतिष्ठित अन्तराष्ट्रिय वित्त निगम (आइएफसी) संगको सहकार्यमा अर्थतन्त्रमा निजी क्षेत्रको योगदानबारे प्रतिवेदन सार्वजनिक भएको छ । जसमा कुल गार्हस्थ्य उत्पादनमा निजी क्षेत्रको योगदान ८१ प्रतिशत, रोजगारीमा ८६ प्रतिशत र राजश्वमा प्रत्यक्ष अप्रत्यक्ष गरि ८५ प्रतिशत देखाएको छ ।

- पहिलो पटक काठमाडौं बाहिर राष्ट्रिय महिला उद्यमी सम्मेलन मिति २०८० फागुन ४ र ५ गते भैरहवामा आयोजना गरियो । मुलुकको आर्थिक विकास, रोजगारी सिर्जना र सामाजिक रुपान्तरणमा महिलले निर्वाह गर्न सक्ने भूमिकाको उच्च मुल्यांकन हुनुपर्ने र महिला उद्यमीको शशक्तिकरण र सहभागिता बढाउन सवै तहका सरकारले ध्यान दिनुपर्ने तथा महिला उद्यमशीलता विकासका लागि उपयुक्त नीति ल्याउनुपर्ने कुरामा जोड दिइएको थियो ।

- उद्योग वाणिज्य संघहरुले आयोजना गर्ने मेला महोत्सवबाट स्थानीय स्तरमा व्यवसाय प्रवर्द्धनका साथै संघहरुलाई आय/आर्जनमा समेत सहयोग पुग्ने हुँदा महासंघले मेला महोत्सव आयोजना गर्न सहयोग गर्दै आएको छ । महासंघ प्रवर्द्धक रही ख र ग वर्गका जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य

संघहरुले आ.व. २०८०/८१ मा मेला महोत्सव आयोजना गरेको विवरण प्राप्त भएमा त्यस्ता संघहरुलाई प्रोत्साहन स्वरुप रु. १ लाख आर्थिक सहयोग प्रदान गर्ने निर्णय भएको जानकारी गराउन चाहन्छु ।

- GIZ- Revenue administration Support Project को सहयोगमा सातवटै प्रदेश समेटिने गरी १८ जिल्लाका २० स्थानमा कर प्रयोजनको लागि व्यवसायिक कारोबार सम्बन्धी खाता राख्ने तरिका, आयकर एवं मुल्य अभिवृद्धि कर र बजेटमा भएका कर सम्बन्धी व्यवस्था बारे जानकारी दिने उद्देश्यले २/२ दिनको कर सम्बन्धी तालीम संचालन गरिएको छ । साथै कर सम्बन्धी जानकारी पुस्तिका (pocket-hand book) तयार गरी विवरण गर्ने काम भयो ।

- मिति २०८० कार्तिक १७ गते जाजरकोट र रुकुम पश्चिममा गएको भुकम्पबाट पिडित जनताका लागि महासंघको कर्णाली च्याप्टर मार्फत सम्माननीय राष्ट्रपतिज्यूको समुपस्थितिमा राहत सामग्री हस्तान्तरण गरिएको थियो । साथै महासंघले राष्ट्रिय विपद जोखिम न्यूनिरण तथा व्यवस्थापन प्राधिकरण मार्फत पनि राहत सामग्री उपलब्ध गराइएको थियो ।

**उद्योगी/व्यवसायी मित्रहरु,**

- हामी उद्योगी व्यवसायी अहिले अप्ठेरो अवस्थामा छौं । व्यवसायलाई निरन्तरता दिई हामीले हाम्रो धर्म र कर्म निभाएका छौं । मैले धेरैले भनेको सुनेको छु ।

- मैले यहांहरु सवैको अपेक्षा र हामी उद्योगी व्यवसायीहरु सामू रहेका समस्यालाई राम्ररी वुझेको छु । केही महत्वपूर्ण नीतिगत समस्याको तत्काल समाधान होस भन्ने हाम्रो  प्रयास र चाहना भएपनि समाधान हुन सकेको छैन । यस्ता विषयमा महासंघ र महासंघका सदस्यहरु सवैको रचनात्मक सुझाव र वलियो साथ चाहिन्छ । एकतावद्ध भई सशक्त रुपमा हाम्रा मागहरुका वारेमा प्रभावकारी ढंगले पैरवी र पृष्ठपोषण गर्न सके समस्याको उचित समाधान आउछ, म यस कुरामा आशावादी छु ।

**प्रतिनिधि साथीहरु :**

- हाम्रा सामु धेरै समस्या र चुनौतीहरु छन् । समस्या समाधानको लागि महासंघले प्रभावकारी भूमिका निभाउनु पर्छ, दरो आवाज उठाउनु पर्छ, महासंघ कमजोर हुनु हुदैन भन्ने यहांहरुको भनाई र धारणासंग म पूर्णरुपमा सहमत छु । म र मेरो कार्यकारिणी समितिका सवै साथीहरु यो कुरामा सजग र प्रयत्नशील छौं ।

- मैले सुन्ने गरेको थिएँ, महासंघको नयाँ अध्यक्ष सफ्ट भएको कारणबाट आफ्ना कुरा राख्न सक्दैन कि भन्ने यहाँहरुको बुझाईलाई यहाँहरुले असोज २५ को आर्थिक वहस कार्यक्रम होस वा अन्यमा मेरो भनाइ सुन्नु नै भएकै होला । अहिले महासंघको धारणालाई महत्व दिन थालिएको छ । डेडिकेटेड र टंकलाइनको बिषय त्यसको एउटा उदाहरण हो । विद्युत उत्पादन गर्ने कम्पनीको बिक्री छैन भने उद्योगले विद्युत पाउन सकेको छैन । यसको तुरुन्त अन्त्य हुनु पर्दछ ।

- यसैगरि अहिले उद्योगहरुमा अघोषित लोडसेडिग छ । एकातर्फ उत्पादित बिजुली खेर गैरहेको छ भने अर्को तर्फ लोडसेडिंग भैरहेको छ । उद्योगहरुमा निर्वाध र सहुलियतमा विद्युत उत्पादनको माग हामीले गरिरहेका छौ ।

- यसैगरि राजश्व कम भएको हुँदा सरकारले बजारमा अनावश्यक अनुगमन बढाएको छ । यसले व्यवसायीहरु मारमा छन । यी गतिविधि तत्काल रोक्नुपर्छ भनेर हामीले निरन्तर दबाव दिइरहेका छौ ।

- महासंघका सदस्यहरुका विभिन्न माग र गुनासा छन् । श्रोतको कमी पनि छ । महासंघका सदस्यहरुका लागि महासंघले दिने सेवा प्रभावकारी बनाउने सम्बन्धमा रणनीति बनिरहेको छ । यसैक्रममा अस्तिमात्र छलफल कार्यक्रम आयोजना गरियो । वस्तुगत संघहरुसंग पनि छलफल गरि कार्ययोजना बनाइ सेवा विस्तारको पहल भैरहेको छ ।

- महासंघ निजी क्षेत्रको सर्वाधिक प्रतिनिधित्व गर्ने हामी सवैको धरोहर हो, महासंघका गतिविधिलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था र सरकारले पनि अत्यन्त चासोका साथ हेर्ने गर्दछन् । महासंघले परिवर्तित

वातावरणलाई ध्यानमा राखी आफ्नो भूमिका र गतिविधिहरुमा परिमार्जन गर्दै लगेको छ ।

- यसपटकको साधारण सभा र उद्योग वाणिज्य दिवसको उदघाटन सत्रमा यसपटक सबै राजनीतिक दलको उच्च नेतृत्वलाई निम्त्याएर अर्थतन्त्रमा साझा धारणाका लागि आग्रह गरेका छौं । भारतबाट भारतीय उद्योग परिसंघका प्रसिडेन्ट डेजिग्नेट श्री संजीव पुरी मुख्य वक्ताको रुपमा आउनुभयो ।अर्थमन्त्री र उद्योगसंग छलफलआयोजना गर्‍यौ। हामीले पैरवी र खबरदारीलाई निरन्तरता दिइरहने छौ ।

- महासघले संचालन गरेका कार्यक्रम र गतिविधिहरुलाई सफतापूर्वक सम्पन्न गर्न/गराउन पदाधिकारीज्यूहरु, समितिका सभापतिज्यूहरु, कार्यकारिणी समितिका सदस्यज्यूहरु, जिल्ला/नगर उद्योग वाणिज्य संघहरु, वस्तुगत संघहरु, द्विराष्ट्रिय उद्योग वाणिज्य संघहरु एवं एशासिएटस सदस्य संस्थाका प्रमुखज्यू तथा पदाधिकारी साथीहरुवाट प्राप्त सहयोगको लागि सवैमा धन्यवाद एवं आभार व्यक्त गर्दछु ।

- अन्त्यमा यहांहरु सवैलाई यस सभाको बन्द शत्रमा पुनः स्वागत गर्दै यस साधारण सभालाई सफल बनाउन यहांहरुलाई हार्दिक अनुरोध गर्दछु । साथै नयाँ बर्ष २०८१ हार्दिक मंगलमय शुभकामना पनि व्यक्त गर्दछु ।

*****